# नार्पा भूमि गाउँपालिका
# आमा समूह गठन तथा परिचालन कार्यविधि, २०८३

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश
नेपाल
२०७३

# आमा समूह गठन तथा परिचालन कार्यविधि, २०८३

*गाउँकार्यपालकाबाट पारित मिति : २०८३।०१।१५*
*प्रमाणिकरण मिति :२०८३।०१।१७*

महिला सशक्तिकरणका निम्ति यस नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र स्थायी वसोबास गर्ने महिलाहरुलाई संगठित गर्दै उनीहरुको सामाजिक, आर्थिक अवस्थामा सुधार ल्याउनुका साथै नेतृत्व विकास र आफ्नो संस्कृति र परम्परागत रीतिरिवाजहरुको जर्गेना गर्दै उनीहरुलाई सवल र सक्षम बनाउँदै विकासको मूलधारमा समाहित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नार्पा भूमि गाउँपालिकाले आमा समूह गठन तथा परिचालन कार्यविधि,२०८२ पारित गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस कार्यविधिको नाम आमा समूह गठन तथा परिचालन कार्यविधि,२०८२ हुनेछ ।
२. यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा

(क) आमा समूह भन्नाले गाउँ वा समुदायका महिलाहरु मिली साझा उद्देश्यहरु सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न मिलाईएको सामूहिक संगठनलाई सम्झनु पर्दछ ।
(ख) विधान भन्नाले समूहको उद्देश्य प्राप्तिको लागि क्रियाकलाप सञ्चालन गर्न बनाइएको नीति नियम तथा कानूनको दस्तावेज जसले समूह/समिति र सदेस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ ।
(ग) हितकोष भन्नाले कुनै पनि संघ संस्था, कार्यलय, योजना, परियोजना सञ्चालन गर्न नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दातलाई जनाउँदछ र यो शब्दले ऋण लगानी, लगानीको रुपमा रहेका समूह नगद पुंजीलाई समेत जनाउँदछ ।
(घ) हितकोष परिचालन भन्नाले संकलित हितकोषलाई उत्पादनमूलक कार्यमा लगानी गर्नु भन्ने बुझिन्छ ।
(ङ) कार्य समिति भन्नाले कार्यविधि अनुसार सर्वसम्मत वा निर्वाचित पदाधिकारीहरु (अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई जनाउँदछ ।
(च) साधारण सभा भन्नाले यस कार्यविधि बमोजिम गठित सभालाई जनाउने छ ।
(छ) दर्ता गर्ने अधिकारी भन्नाले समूह दर्ता गर्नको लागि गाउँपालिकाले तोकेको कर्मचारीलाई बुझ्नुपर्दछ ।

**भाग २**

**३. समूह गठन तथा परिचालन**

१) कम्तीमा ५ जना आमाहरु सदस्यहरु रहेको हुनुपर्नेछ ।

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

२) समितिमा महिला सदस्यको उमेर १६ वर्ष भएको हुनुपर्नेछ ।

३) उपदफा (१) बमोजिम समूह गठन गर्दा एकै परिवारको एकजना भन्दा बढी व्यक्ति एउटै सदस्य बस्न पाउने छैन । तर समूह दर्ता भईसकेपछि एकै परिवारका एक भन्दा बढी सदस्यले समूहको सदस्यता लिन बाधा पर्ने छैन ।
४) समूहको लेखापढी कार्यको लागि केही प्रोत्हसानको व्यवस्थासहित वडा सचिव वा विधालय शिक्षक आदिलाई कार्य सम्पादन गराउन सकिनेछ ।

४. समूह दर्ताको लागि निवेदन दिनुपर्ने :
(१) दफा ३ बमोजिम गठित समूहले समुह दर्ताको लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची १ को ढाँचामा निवेदन दिनुपर्नेछ ।
(२) उपदफा १ बमोजिम निवेदन दिंदा निवेदन साथ देहायका कागजात समेत संलग्न गर्नुपर्नेछ :
(क) समूहको विधान
(ख) समूह गठन र दर्ता सम्बन्धमा समूहले आफ्नो माइन्युटमा गरेको निर्णयको प्रतिलिपि

५. समूह दर्ता गर्नुपर्ने :
१. दफा ४ बमोजिम प्राप्त निवेदन सहितका कागजातहरु देहाय बमोजिम भएको पाइएमा दर्ता दर्ता गर्ने अधिकारीले निवेदन प्राप्त भएको बढीमा ७ दिनभित्र दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।
(क) निवेदानसाथ पेश गरेको विधान यस कार्यविधि अनुसार भएको
(ख) समुहको उद्देश्य सामूहिक भावनामा आधारित भएको
२. समूहले पेश गरेको विधान यस कार्यविधि अनुरुप नभएमा वा सामूहिक भावनामा आधारित नभएमा दर्ता गर्ने अधिकारीले संशोधन गर्नुपर्ने विषयसहितको सूचना, निवेदन प्राप्त भएको १० दिनभित्र निवेदकलाई दिनुपर्नेछ ।
३. दर्ता गर्न अस्वीकार गर्न सक्ने :_ यस कार्यविधि विपरित समूह दर्ताको लागि परेको निवेदनलाई दर्ता गर्ने अधिकारीले अस्वीकार गर्न सक्नेछ ।
४. विधान बनाउनुपर्ने : समूहले यो कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विधान बनाउनु पर्नेछ ।

भाग ३
समूहको उद्देश्य तथा कार्य
५. समूहको उद्देश्य हरेक विषयगत समुहका सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने किसिमको हुनुपर्नेछ ।
९. समूहको कार्य प्रत्येक समुहका कार्यहरु निम्न हुनेछन् :
(क) सामूहिक भावनाबाट सञ्चालित हुने
(ख) सदस्यहरुको हित प्रवर्द्धन गर्ने
(ग) समूहभित्र आन्तरिक लोकतन्त्रको अभ्यास गर्ने
(घ) आफ्नो गाउँघरमा विशिष्टिकृत व्यक्तिलाई सम्मान तथा सत्कार र बिदाइ गर्ने
(ङ) गाउँघरमा चलिआएका रीतिरिवाज, कला सँस्कृति र परम्पराहरुको संरक्षण तथा विकास गर्ने
(च) समाजमा हुने सानोतिनो विवाद तथा मनमुटावका गतिविधिहरु समाधान गर्ने सहजीकरण गर्ने
(छ) सदस्यहरुको नेतृत्व क्षमता विकास गर्ने
(ज) विधानमा उल्लेखित कार्य गर्ने

अध्यक्ष

भाग ४

विविध

६. कोष सञ्चालन सम्बन्धमा :

(क) विषयगत समूहले आफ्ना सदस्यहरुको हित प्रवर्द्धनको लागि कोषको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन् ।

(ख) समूहको कोषमा देहायको रकम रहनेछ :

१. समूहका सदस्यहरुले नियमित रुपमा गरेको बचत

२. समूहलाई संघ सरकार, प्रदेश सरकार, गाउँपालिका तथा प्रचलित कानून बमोजिम अन्य निकाय वा व्यक्तिबाट प्राप्त रकम

(ग) कोषको सञ्चालन र व्यवस्थापन समूहको विधान अनुरुप हुनेछ ।

७. अनुगमन तथा नियमन : समूहको अनुगमन तथा नियमन गाउँपालिका र वडा कार्यलयबाट हुनेछ ।

८. खारेजी र बचाउ : यस अघि अधिकार प्राप्त निकायबाट दर्ता भएका समूहहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

अनुसूची १

दफा ४ को उपदफा (१) संग सम्बन्धित

समूह दर्ताको लागि दिइने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
गाउँकार्यपालिकाको कार्यलय,
च्यांखु, मनाङ ।

विषय : ..........................आमा समूह दर्ता गरिपाउं ।

श्री..................................को सहयोगमा हामी आफैं...............समूहमा आवद्ध भई नार्पा भूमि गाउंपालिका..................वडामा गठन गरेको हाम्रो........................समूह दर्ता गरिपाउँ भनी निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

समूहको विवरण :
समूहको नाम........................................ गठन मिति.........................................
वडा न................... टोल..........................................
समूहको उद्देश्य :
१............................................................................................................
२............................................................................................................
३..........................................................................................
समूह सदस्य संख्या :
ब्राम्हण/क्षेत्री............म..............पू जनजाति.............म..............पू
दलित.....................म..............पू कुल जम्मा.............म..............पू

नामावली

| क्र.स. | नाम | पद | उमेर | सम्पर्क | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नियमित बैठक बस्ने दिन...................
प्रति महिना समूहको हितकोष संकलन हुने रकम............
हालसम्म हितकोषमा जम्मा रकम रु..........................

.......................
समूह अगुवाको दस्तखत

कोञ्जो छेवाङ लामा
अध्यक्ष

अनुसूची २
दफा ५ को उपदफा (१)सँग सम्बन्धित
समूह दर्ताको प्रमाण पत्रको ढाँचा

नार्पा भूमि गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ

दर्ता नं

## आमा समूह दर्ता प्रमाण-पत्र

श्री.................................

.......................................

महिला समूहगत कार्यलाई सुव्यवस्थित गर्दै सामाजिक क्षेत्रमा टेवा पु-याउने उद्देश्यले नार्पा भूमि गाउँपालिकाले "आमा समूह गठन तथा परिचालन कार्यविधि, २०८२"को दफा ५ को उपदफा (१) बमोजिम यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।
समूह सुदृढीकरण भई सहजीकरणतर्फ उन्मुख हुनेछ भन्ने अपेक्षा गरिएको छ।

| | |
|---|---|
| आमा समूहको नाम | |
| समूहको प्रकार | |
| स्थान | |

प्रमाण-पत्र जारी गर्नेको
सही :
नाम :
पद :
मिति :

द्रष्टव्य : यो प्रमाण-पत्र हरेक आर्थिक वर्ष नविकरण गर्नु पर्नेछ।

- गाउँपालिकाबाट स्थलगत घुम्ती टोली खटाईएको अवस्थामा समूहको कार्यस्थलमै प्रमाण-पत्र नविकरण गर्न सकिनेछ।

